# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## सीपमूलक तालिमको लागि आवेदनसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७५।७।१६*

यस महानगरपालिकाको चालू आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रममा लक्षित समूह (दलित, आदिवासी/जनजाति, मुस्लिम र पिछडा वर्ग) को लागि विभिन्न सीपमूलक तालिमसम्बन्धी कार्यक्रम रहेका छन्। सो अन्तरगत इलेक्ट्रिसियन, मोबाइल मर्मत, वाल पेन्टिङ, कृषि नर्सरी र प्लम्बिङसम्बन्धी तालिम सञ्चालन गर्न लागिएको हुँदा तालिम लिन इच्छुक उल्लेखित लक्षित समूहका व्यक्तिहरूल आफूले लिन चाहेको तालिमको विषय खुलाई तपसिलअनुसार कागजातसहित २०७५ मंसिर ७ गतेसम्म भरतपुर महानगरपालिका, महिला, बालबालिका तथा समाज कल्याण शाखामा निवेदन दिनुहुन सूचित गरिन्छ।

**तालिमका शर्त तथा सहभागीले पेस गर्नुपर्ने कागजातहरू :**

१. एक जना व्यक्तिले एउटा तालिममा मात्र सहभागी हुन पाउनेछ।

२. न्यूनतम शैक्षिक योग्यता ८ कक्षा पास भएको हुनुपर्ने छ।

३. सहभागी हुन इच्छुकले पेस गर्नुपर्ने कागजात :
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि–१ प्रति
   - न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि–१ प्रति
   - फोटो – १ प्रति

४. तालिमको लागि उल्लेखित लक्षित वर्ग मध्येमा दलित र आदिवासी जनजातिबाट २२/२२ जना, मुस्लिम र पिछडा वर्गबाट १४/१४ जना छनौट गरिनेछ।

५. छनौटका आधारहरू : निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्र, अन्तरवार्ता।

फोन : ०५६–५२०१६७, ५२१४६७, ५३००६२, ५२६९५१, ५२२२५२, ५२५७७१

फ्याक्स : ०५६–५२००१४

Scanned by CamScanner